पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष :५ पोखरा खण्ड :७२ प्रमाणित मिति: २०७८ माघ २८ गते

## भाग १

## नगर प्रहरी व्यवस्थापन (दोश्रो संशोधन) ऐन, २०७८

## नगर प्रहरी व्यवस्थापन (दोश्रो संशोधन) ऐन, २०७८

नगर प्रहरी व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिकाको दशौं नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "नगर प्रहरी व्यवस्थापन (दोश्रो संशोधन) ऐन, २०७८" रहेको छ ।

२. यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि हुनेछ ।

२. **नगर प्रहरी व्यवस्थापन ऐन, २०७५ को दफा ७ मा संशोधन** : नगर प्रहरी व्यवस्थापन ऐन, २०७५ (यस पछि "मुल ऐन" भनिएको) को दफा ७ पछि देहाएको दफा ७क. राखिएको छ ।

**७क. बढुवाको लागि उम्मेदवार हुन चाहिने सेवा अवधि** : (१) नगर प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति नहुने रिक्त पदमा बढुवाद्वारा पदपूर्ति हुने पदको उम्मेदवार हुन बढुवा हुने श्रेणी वा तहभन्दा एक श्रेणी वा तह मुनिको पदमा देहाय वमोजिमको न्युनतम सेवा अवधि पुरा भएको हुनुपर्छ ।

(क) नगर प्रहरी सेवाको नगर प्रहरी सहायक निरीक्षक पदबाट नगर प्रहरी नायव निरीक्षक पदमा बढुवा हुनका लागि आठ वर्ष ।

(ख) अन्य नगर प्रहरी पदका लागि चार वर्ष ।"

**प्रकाशन मिति : २०७८ फागुन १३ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**